# कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशन मितिः २०७७/१२/०१**

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र - नेपाल (सी.एम.सी.- नेपाल), मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगको क्षेत्रमा काम गर्ने राष्ट्रियस्तरको एक अग्रणी गैरसरकारी संस्था हो । यस संस्थाले सिराहाका जिल्लाका विभिन्न स्थानिय तह हरुसंगको सहकार्य र समन्वयमा सन् २०१७ देखि कार्य गर्दै आइरहेको छ । हाल सी.वी.एम. को आर्थिक सहयोगमा धनगढीमाई नगरपालिकासँगको साझेदारीमा अपाङ्गता भएका बालबालिकाहरु सहित सबै खालका बालबालिकाहरुको मनोसामाजिक सुस्वास्थ्यमा सुधार ल्याउने उद्देश्यका साथ सञ्चालन हुन लागेको ***समुदायस्तरमा बालबालिकाको मानसिक स्वास्थ्य प्रवर्धन कार्यक्रम***को लागि विभिन्न पदहरुका लागि योग्यता पुगेका निवेदकहरुबाट निवेदन आह्वान गर्दछौं ।

**१. पदः सामुदायिक मानसिक स्वास्थ्य कार्यकर्ता (१ जना)**

**कार्यक्षेत्रः** धनगढीमाई नगरपालिका

**<u>कामको मूख्य जिम्मेवारीः</u>**

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सवालहरुमा शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरुलाई जनचेतना अभिबृद्धि कार्यक्रम गर्ने ।
- विद्यालय र घरभेटघाटको माध्यमबाट बालबालिकाको समग्र मानसिक स्वास्थ्यको प्रवर्धनको लागि प्रभावकारी मनोशिक्षा र मनोसामाजिक सहयोग प्रदान गर्ने । नियमित उपचारको लागि तालिम प्राप्त शिक्षक र स्वास्थ्यकर्मीहरु सँग समन्वय गरिदिने ।
- बालविबाह तथा आत्महत्या रोकथाम, एवं लैङ्गिक हिंसा रोकथामको लागि आमा समुह, बाल क्लव, युवा क्लव, सामाजिक संघसंस्थाहरु, स्थानीय स्वास्थ्य संस्थाहरु, अभिभावकहरुलाई अभिमुखीकरण प्रदान गर्ने र सो को लागि किशोरीकिशोरी तथा युवाहरुको समूह परिचालन गर्ने ।
- अपाङ्गता भएका तथा विद्यालय बाहिर रहेका बालबालिकाहरुको अभिभावकहरुलाई छोराछोरीहरुको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्यको बारेमा अभिभावकको भुमिका बारेमा जनचेतना अभिबृद्धि गर्ने, विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन अन्य संस्थासँगको सहकार्यमा सहयोग गर्ने ।
- समावेसी बालक्लवको सशक्तिकरण तथा बाल अधिकारको बारेमा जनचेतना जगाउने, बाल संरक्षण नीति निर्माण तथा यसको कार्यान्वयनमा विद्यालय र बाल क्लवलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।
- विद्यालयका शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक.अभिभावक.सघलाई बालबालिका तथा किशोरकिशोरीहरुको मनोसामाजिक सुस्वास्थ्य तथा सुरक्षित र समावेशी सिकाइ वातावरणको बारेमा अभिमुखीकरण गर्ने
- स्थानीय स्वास्थ्य संस्थाबाट उपचार गराईरहेका बालबालिका र किशोरकिशोरीहरु र उनीहरुको अभिभावकहरुलाई समेटी मानसिक स्वास्थ्य स्वावलम्बन समुह गठन गर्ने र त्यस्ता समूहको सीप, क्षमता अभिबृद्धि गर्दै उनीहरुको हक, अधिकार प्राप्तीको लागि सशक्तिकरण गर्ने ।
  स्थानीय तहमा सञ्चालित कार्यक्रमलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्न स्थानीय सरकार लगायत अन्य सरोकारवाला संघसस्थाहरु सँग समन्वय गर्ने आदि ।

**आवश्यक योग्यताः**

- + २ वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।
- प्रतिवेदन लेखन, तथ्यांक/जानकारी संकलन र अभिलेखीकरण सम्वन्धि सीप भएको । स्थानिय तहसंग काम गरेको अनुभव
- संचार, संयोजन र पैरवी सम्वन्धि आवश्यक सीपका साथै कम्प्युटर, इन्टरनेट सम्वन्धि ज्ञान/सीप भएको ।
- बालबालिका लगायत जोखिममा परेका अन्य ब्यक्तिहरुको सुरक्षाका लागि आफैले वा अन्य व्यक्ति वा संघसस्थाहरुसँग समन्वय गरेर काम गर्न सक्ने ।
- बाञ्छनिय योग्यताः विद्यालय एंव समुदाय स्तरमा सामाजिक परिचालनमा काम गरेको

**सुविधाहरु :** सी.एम.सी. नेपाल र सम्वन्धित दातृ निकायसँग भएको सम्झौता अनुसारको हुनेछ । साथै करारनामा एक वर्षको लागि हुनेछ र कामको आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

माथि उल्लेख गरेअनुसार योग्यता पुगेका इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरण सहित अपेक्षा गरेको तलव समेत उल्लेख गरि दरखास्त तल दिइएको ठेगानामा २०७७ चैत्र ८ गते भित्र पठाइदिन हुन आह्वान गर्दछौं ।

**परिक्षाको किसिमः** छोटो सुचीमा छनौट परेकालाई मात्र परिक्षा (अर्न्तवार्ता) मा समावेश गरिनेछ ।

**स्थानीय बासिन्दा, विवाहित महिला तथा अपाङ्गता भएका ब्यक्तिहरुलाई विशेष प्राथमिकता दिईनेछ ।**

पदपुर्ति प्रक्रिया सम्वन्धि सम्पूर्ण अधिकार सी.एम.सी. नेपालमा निहित रहनेछ ।

कार्यकारी निर्देशक, सी.एम.सी.- नेपाल
ईमेलः vacancy.cmcnepal@gmail.com, वेभपेजः www.cmcnepal.org.np